तमानखोला गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ९ संख्याः ०२ मितिः २०८२/०३/१० गते

**भाग-१**

**तमानखोला गाउँपालिका**

## तमानखोला गाउँपालिकाको विनियोजन ऐन, २०८२

**प्रस्तावनाः**

तमानखोला गाउँपालिकाको आर्थिक बर्ष २०८२/०८३ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "तमानखोला गाउँपालिकाको विनियोजन ऐन, २०८२" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०८२/०८३ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०८२/०८३ को निमित्त गाउँ कार्यपालिका, वडा कार्यालय, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची (१) मा उल्लिखित चालू खर्च र पूँजीगत खर्च गरी जम्मा रकम रु.३३,४१,०६,२६५ (तेत्तिस करोड एकचालिस लाख छ हजार दुई सय पैसट्ठी मात्र) नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३. विनियोजनः** (१) यस ऐन द्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०८२/०८३ को निमित्त तमानखोला गाउँपालिकाको गाउँ कार्यपालिका, वडा कार्यालय र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा कार्यालय र विषयगत

शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुगहुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजीगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।तर, चालु तथा पूँजीगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि प्रस्ताव गरिएका योजना तथा कार्यक्रम देशको जटिल आर्थिक परिस्थितिको कारण राजस्वमा कमि आई आगामी आर्थिक वर्ष कार्यान्वयन एवम् स्रोत सुनिश्चित गर्न नसकेमा आगामी आ.व. २०८२/०८३ भन्दा पछिका आ.व.मा कार्यान्वयन गरिनेछ ।

**अनुसूची (१)**

**(दफा २ सँग सम्बन्धित)**

**नेपालको संविधानको धारा २२९ (२) बमोजिम**

**सञ्चित कोषबाट विनियोजन हुने रकम**

**आ.व. २०८२/०८३**

| **क्र.स.** | **बजेट विनियोजन विवरण** | **रकम रु.** | **कैफियत** |
|---|---|---|---|
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च | ५३९५०००० | |
| २ | संघीय सरकार सशर्त अनुदान | ११७५००००० | |
| ३ | संघीय सरकार विशेष अनुदान | ७५००००० | |
| ४ | संघीय सरकार समपुरक अनुदान | ८०००००० | |
| ५ | प्रदेश सरकार समपुरक अनुदान | ६०००००० | |
| ६ | प्रदेश सरकार विशेष अनुदान | ३९९१००० | |
| ७ | कृषि | २४८०००० | |
| ८ | पशुपन्छी विकास | ३९००००० | |
| ९ | उद्यम विकास, पर्यटन र सहकारी | २३६०८५३ | |
| १० | श्रम तथा रोजगार | ९००००० | |
| ११ | जलस्रोत तथा सिंचाई | ५००००० | |
| १२ | शिक्षा | २५२५०००० | |
| १३ | स्वास्थ्य | १५६४५५०० | |
| १४ | लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण | ५१८८००० | |
| १५ | सामाजिक सुरक्षा तथा संरक्षण | ३८५०००० | |
| १६ | युवा तथा खेलकुद | ३८०३४१३ | |
| १७ | खानेपानी तथा सरसफाई | २७५०००० | |
| १८ | वन, वातावरण तथा विपद् व्यवस्थापन | ५०१५४९९ | |
| १९ | सुशासन, संस्थागत विकास तथा सेवा प्रवाह | ४२५०००० | |
| २० | यातायात पूर्वाधार | २३६८७२०० | |
| २१ | भवन, आवास र सहरी विकास | २७९८४८०० | |
| २२ | सम्पदा पूर्वाधार | ११००००० | |
| २३ | पुनः निर्माण | ८५००००० | |
| | **जम्मा व्यय** | **३३४१०६२६५** | |

आज्ञाले,

अमित परियार

प्रमुख प्रशासकीय अधिकृत